# समाज विकासको नियममा क्रियाशील चेतन शक्तिको स्थान

तुल्सीलाल अमात्य

# समाज विकासको नियममा क्रियाशील चेतन शक्तिको स्थान

## चेतनाको श्रोत र यसको विकास

न अध्यात्मकवाद, न यान्त्रिक भौतिकवादको विश्व मानव जातिलाई मुक्तिको कुनै मार्ग देखाउन सके । दुबै किसिमको दर्शनले मानिसको सामाजिक स्थितिलाई परिवर्तन गर्ने कुनै बाटो देखाउँदैन र मानिसलाई आ-आफ्नो स्थितिमा सन्तोष भएर बस्ने कुरा नै सिकाउँछ । तर दर्शनको काम संसारलाई विवेचना गर्ने मात्र नभई यसलाई बदल्नु परेको छ, जुन जिम्मेवारी निभाउने काममा माथि उल्लेखित दुबै प्रकारको दर्शन असमर्थ साबित भएका छन् ।

मार्क्स नै संसारमा पहिलो दार्शनिक हुन् जो विश्वको व्याख्या गरेर मात्र सन्तुष्ट रहेनन् र जसले बैज्ञानिक विश्लेषणको आधारमा यसलाई परिवर्तन गर्ने बाटो पनि देखाए । मार्क्सले देखाएको दर्शन, यान्त्रिक भौतिकवादी दर्शन होइन, द्वन्द्वात्मक भौतिकवादी दर्शन हो । मार्क्सको द्वन्द्वात्मक भौतिकवादी दर्शनले एकातिर आध्यात्मवादको, खोक्रोपनलाई साबित गरी दिए भने अर्कातिर यसले यान्त्रिक भौतिकवादी दर्शनलाई चक्नाचुर पारे ।

मार्क्सले ‘भौतिक पदार्थ मूलतत्व’ हो या ‘चेतना मूल तत्व’ हो भन्ने कुरोको विषय धेरै नै छानबिन र सोच बिचारको पछि यो निष्कर्षमा पुगे कि ‘भौतिक पदार्थ नै मूलतत्व हो’ र ‘चेतना’ भौतिक पदार्थको खास स्थितिमा यसको उपज हो । भौतिक पदार्थको अस्तित्व हुन सक्दैन । फूलमा सुगन्ध, बत्तीको ज्योति, भौतिक पदार्थको खास खास स्थितिमा देखा परेका गुणहरू हुन् । यस्तै मानिसको चेतना अत्यन्त उच्च तहमा संगठित भौतिक पदार्थको उपज हो, चेतना मगजको कार्यको उपज हो । मगजकै अभावमा चेतनाको अस्तित्व छैन । बैज्ञानिक पावलोवको भनाई छ ‘मानिसक कार्य मस्तिष्कको एक खास प्रधान अंशको शारिरीक क्रियाकलापको उपज हो ।’

'प्राथमिक चेतना' मगजको क्रियाकलापको देन हो भने मानिसमा पाइएको उन्नत विचार (खराब हो या असल) मानिसको वरिपरि देखिएका वस्तुहरू, प्रकृति र अनि खास गरी मनुष्य समाजको देन हो । शरीर बिज्ञानको दृष्टिकोणले बिल्कुल स्वस्थ मगज भएको बालकलाई यदि बन्द कोठामा पोसिन्छ भने उसको मगजले कुनै खास बिचार गर्न सक्दैन । मनुष्य समाजमा बस्दाबस्दै नै मानिसको बिचारको विकास भएर आउँछ । हुँदारले लगेको र हुँदारनीले पोसेको 'रामु' को चेतना हुँदारको चेतना भन्दा अगाडि बढ्न सकेन । प्राथमिक चेतना बाहेक यसभन्दा उन्नत चेतना समाजको उपज हो । मानिसको सामाजिक स्थितिले नै मानिसको चेतना निर्धारित गर्दछ, मानिसको चेतनाले मानिसको सामाजिक स्थितिलाई निर्धारित गर्दैन ।

यस मानेमा मानिसको 'चेतना' भौतिक पदार्थको देन हो र मानिसको बिचार शक्ति मनुष्य समाजको देन हो । यस मानेमा मानिसको चेतना, बिचार शक्ति, भौतिक पदार्थ तथा भौतिक स्थितिको देन हो ।

## चेतनाको क्रियाशील भूमिका

तर यो चेतना उत्पन्न भई सकेपछि यसले एक निष्क्रिय पदार्थको रूपमा नरही यसले एक सक्रिय सञ्चालन शक्तिको रोल खेल्दछ । यो चेतना तथा बिचार शक्तिले भौतिक पदार्थभन्दा अगाडि बढी भौतिक पदार्थहरूलाई नै काटो देखाउन थाल्दछ र यसले समाजको विकासमा एक अजय शक्तिको रूपमा काम गर्न थाल्दछ । जब कुनै बिचारले मानिसको मगजमा घर गर्दछ यसले भौतिक शक्तिको रूपमा काम गर्न थाल्दछ । यस मानेमा महान बिचार युक्त जनताले महान कार्यहरू सम्पन्न गर्ने क्षमता राख्दछ । लेनिनले यस मानेमा भनेका थिए कि चेतनाले विश्वको निर्माण गर्दछ । बिचार शक्ति जहाँ एकातिर बाहिरी भौतिक पदार्थहरूको प्रतिबिम्ब हो र समाजको देन हो, अर्कातिर यही बिचारले भौतिक पदार्थहरू तथा समाजलाई परिवर्तन गर्ने क्षमता पनि राख्दछ ।

स्पष्ट छ, जब क्रान्तिकारी सिद्धान्तले मानिसको मगजमा घर गर्दछ यो सिद्धान्त एक अजय शक्तिको रूपमा देखा पर्न थाल्दछ । क्रान्तिकारी सिद्धान्तको अभावमा क्रान्ति सफल हुन पनि असम्भव हुन्छ । क्रान्तिकारी अभावमा क्रान्तिकारी पार्टीको निर्माण हुन असम्भव छ । क्रान्तिकारी पार्टीको अभावमा क्रान्ति पनि असम्भव छ र यसै निम्ति क्रान्तिकारी पार्टीको अभावमा देशमा क्रान्तिकारी परिवर्तन अथवा समाजको विकास पनि असम्भव छ । क्रान्तिको जबर्जस्त प्रहारले नै समाज विकासको बाटोमा रोडाको रूपमा रहेकाहरूलाई चक्नाचुर गरी कुनै पनि समाजले विकासको मार्ग पक्रेनछ ।

संशोधनवादीहरू समाज विकासको यस अजय शक्तिलाई गौण रूपमा हेरी भौतिक स्थितिमा नै जोड दिन्छन् र भरसक समाज विकासको नियमलाई स्वचालित नियमको रूपमा पेश गरी 'द्वन्द्वात्मक भौतिकवाद' बाट 'भौतिकवादी नियतिवाद' मा पुग्दछन् र

समाज विकासलाई कसैले रोक्न सक्दैन भनी समाज, विकास स्वत: भएर आउने कुरा गर्दछन् । यसरी 'भौतिकवादी नियतिवाद' ले अवसरवादलाई जन्माउँछन् र यस्ता अवसरवादले आफू पनि निष्क्रिय रहन्छन् र अरूलाई पनि क्रान्तिकारी दृष्टिकोणमा निष्क्रिय पार्दछन् र पार्टी तथा आफ्नो समय एक ठोस क्रान्तिकारी संगठन तथा क्रान्ति सफल पार्न आजैदेखि गर्नुपर्ने कार्यहरूमा लाग्ने सट्टा अनेक बहाना गरी पार्टी तथा आफ्नो समयलाई अलमलमा बिताउँछन् ।

समाज विकासको नियम छ । यो एक प्राकृतिक नियम हो । मार्क्सले समाज विकासको आर्थिक नियमलाई खोलेर अगाडि राखे । मार्क्सको भनाई छ 'आफ्नो साधारण विकासको उत्तरोत्तर अवस्थाहरूमा सामने आउने रुकावटहरूलाई न त हिम्मतको साथ नाघेर पार गर्न सकिन्छ, न त कानुन बनाएर ती रुकावटलाई बाटोबाट हटाउन सकिन्छ ।

यो रुकावटको विरोधमा हिम्मतकासाथ संघर्ष गरी यसलाई हटाएर नै समाजले अगाडि बढ्न सक्दछ । यो रुकावटको स्वरूप मामुली मात्र नभई यस्तो रुकावटमा जब हृदयको सबैभन्दा हिंश्रक, नीच र घृणित आवेग निजी स्वार्थको राक्षसी प्रवृत्तिहरू नै समाज विकासको बाटोमा महान् शत्रुको रूप लिएर मैदानमा उत्रनेछ ।

समाज विकासको यस महान् शत्रुलाई नदेखेझैँ गरी नाघेर गएर पार लाग्दैन, न त न्यहोरा गरेर नै पार लाग्दछ, न त कानुनले नै यस शत्रुलाई बसमा ल्याउनेछ । घनघोर संग्राम पछिको विजयले नै यस शत्रुलाई समाज विकासको बाटोबाट पन्छाउन सकिने छ ।

समाजभित्रको अन्तरविरोधी तत्वहरूको बीचको क्रान्तिकारी संघर्ष नै समाज विकासको नियम हो ।

हर वस्तुभित्र दुई वटा अन्तर्विरोधी तत्व हुन्छन्, जो एक अर्कोसँग सम्बन्धित रहन्छन् । यसै निम्ति यी दुई अन्तर्विरोधी तत्वको आपसको संघर्ष पनि हुन्छ । यी दुई अन्तर्विरोधी तत्वहरूमा एक दोश्रोसँग संघर्ष गरी एकले दोश्रोलाई नासेर नै त्यस वस्तुले विकास गरी अर्को रूप लिएर अगाडि बढ्दछ ।

एक चनाको दाना यथावत राखेर यसमा कुनै परिवर्तन र विकास देखिने छैन । जब यो माटोमा पर्दछ अनि यस दानामा कुनै पदार्थ नष्ट भएर गएको हुन्छ भने अर्कातिर यसै दानाबाट अदूर पनि निक्लन थाल्दछ । चनाको दाना नासिन्छ एक नयाँ अदूरको श्रृजना हुन थाल्दछ ।

मनुष्य समाजमा जहाँ पूँजीवादी व्यवस्था छ त्यहाँ एकातिर पूँजीपति वर्ग हुन्छ भने अर्कोतिर सर्वहारा पनि हुन्छ । यस्तै सामन्ती समाजमा एकातिर सामन्तहरू हुन्छन्

भने अर्कोतिर किसानहरू पनि हुन्छन् । एकै समाजमा प्राप्त यी परस्पर विरोधी वर्गहरू हुन् जसको बीचमा संघर्ष हुनु निश्चित छ । यी परस्पर विरोधी वर्गहरूमा एकले दोश्रोलाई नासेर नै समाजले अर्को नयाँ रूप लिन थाल्दछ, नयाँ समाजको निर्माण हुन थाल्दछ । यी दुई वर्गहरूका एक वर्ग नासिने खालको छ भने अर्को वर्ग बढ्दो शक्ति लिएर अगाडि बढ्ने खालको छ । किसानलाई नासेर सामन्तीवर्ग अगाडि बढ्दैन, सर्वहारा वर्गलाई नासेर पूँजीवाद पनि अगाडि बढ्न सक्दैन । बरु सामन्त वर्गलाई नासेर किसान अगाडि बढ्दछ, अनि पूँजीपति वर्गलाई नासेर नै सर्वहारा वर्गले एक नयाँ समाज बनाउनेछ । यसै कारण सामन्त होस् या पूँजीपति वर्ग होस् नासिँदै जाने खालको वर्ग हुन्, जबकि मेहनतकश किसान तथा सर्वहारा वर्ग बढ्दो शक्ति लिएर विकसित भई नयाँ समाजको निर्माण गर्ने खालको वर्गहरू हुन् । यसरी वर्ग संघर्ष नै समाज विकासको नियम हो । तर यो वर्ग संघर्ष सुधारवादी वर्ग संघर्षसम्म सीमित रहेको खण्डमा समाजको विकासमा अवरोध नै पैदा हुन्छ । मार्क्सवाद लेनिनवादको नाम लिँदै शोषक वर्गलाई चीर स्थायी बनाउने मार्ग नै संशोधनवादको मार्ग हो । लेनिनको भनाई छ 'सुधारवाद मेहनतकश जनताप्रति पूँजीवादी छल हो, कारण सो सुधार गरिसकेपछि पनि मुख्य शक्ति पूँजीवादी वर्गकै हातमा रहन्छ ।'

वर्ग संघर्षलाई शोषक वर्गको मातहतमा केही सुधार र सुविधाका मागहरू प्राप्त गर्ने वर्ग संघर्षमा सीमित राखिन्छ भने यस्तो वर्ग संघर्षले समाजमा क्रान्तिकारी परिवर्तन ल्याएर समाजलाई विकास गर्न दिने छैन तसर्थ समाज विकासको नियममा वर्ग संघर्षको मतलब 'दबाब द्वारा' केही सुधार सुविधाहरू प्राप्त गर्ने वर्ग संघर्ष होइन । वर्ग संघर्षको मतलब हो क्रान्तिकारी वर्ग संघर्ष, जुन वर्ग संघर्षमा त्यस समाजमा उपस्थित दुई वर्ग मध्ये एक वर्ग अर्थात् शोषक वर्गलाई नासेर अर्को वर्गले आफूलाई विकसित गर्ने गर्दछ । वर्ग संघर्षलाई क्रान्तिकारी वर्ग संघर्षको सतहमा उठाएर नै समाजको विकास हुनेछ । यस्तो वर्ग संघर्षले हर बखत राजनीतिक रूप लिन्छ ।

राज सत्ता वर्ग शासनको यन्त्र हो अर्थात् एक वर्गले अर्को वर्गलाई दमन गर्ने यन्त्र हो । राजसत्ता विभिन्न वर्गहरूलाई न्याय दिनको निम्ति होइन, एक वर्गले अर्को वर्गलाई उठ्न नदिनको निम्ति बनेको संस्थान हो । राजसत्ता समाजबाट माथि उठेको संस्थान होइन । यसै निम्ति यो प्रष्ट छ कि कुनै समाजको शोषित र पीडित जनताले शोषक र उत्पीडक वर्गको सरकारलाई जबर्जस्ति क्रान्तिद्वारा खतम नगरी आफ्नो मुक्ति प्राप्त गर्न सक्दैन यति मात्र होइन शोषक वर्गले खडा गरेको तमाम शासन यन्त्रलाई चकनाचुर गरेर नै शोषित र पीडित जनताले आफूलाई शोषण र दमनको चंगुलबाट मुक्त गरी एक नयाँ समाजको निर्माण गर्न सक्नेछ । सामाजिक क्रान्तिको राजनीतिक आधार नै सांघातिक वर्ग संघर्ष हो ।

हाम्रो देशका वर्गहरूलाई हेर्ने हो भने सबैभन्दा सुविधा प्राप्त दुई वर्गहरू देखिन आएका छन् । ती वर्गहरू हुन् ठूलठूला सामन्तहरू र पूँजीवादी भूमिपतिहरू, जसले बगान, बगैंचा पूँजीवादी खेतीको नाममा जति पनि खेत राख्ने अधिकार प्राप्त गरेका छन्

र यिनीहरूलाई उद्योगको नाममा अर्काको हदबन्दी भित्रको जमिन लिने पनि पूरा अधिकार छ र सरकारले यिनीहरूलाई चाहिएमा अरू जनताको हदबन्दीभित्रको जमिन लिई दिने औद्योगिक कानुन बनाई दिएको छ । अनि आज भर्खरै घुस्न लागेको विदेशी पूँजीपति वर्ग अर्को सबैभन्दा सुविधा प्राप्त वर्ग हुन् । जसलाई यस एकतन्त्री हुकुमतले व्यहोरा गरी बोलाईदैछ र उनीहरू पनि सम्मानकासाथ तमाम सहुलियत प्राप्त गरी हाम्रो देशमा घुस्दै छन् र हाम्रो देशको उद्योग, कलकारखाना, खानी, ठूलठूला ठेक्का र ठूलठूला चक्ला जमिन कब्जा गर्दै आईरहेका छन् । यिनीहरूको होडमा हाम्रो देशको राष्ट्रिय पूँजीपति वर्ग साना-तिना सामन्तहरू, धनी किसानहरू, मध्यम किसानहरूको जीवन बर्बाद हुँदै जानु स्वाभाविक हो र माथि देखाइएको सबैभन्दा ठूलो सुविधा प्राप्त वर्गहरूको होढमा अरू विभिन्न वर्गहरूको अर्थ संकट बढ्दै नै गईरहेको छ ।

यस अर्थ व्यवस्थाअन्तर्गत मध्यमवर्गदेखि लिएर तलका तमाम वर्गहरूको जीवन बर्बाद भई द्रूत गतिले सर्वहारा वर्गमा परिणत हुँदैछन् र उनीहरू मध्ये धेरै जस्तो आफ्नो देशमा बस्न नसकी विदेशिन बाध्य भएका छन् ।

एकातिर सबै किसिमको सुविधा प्राप्त ठूलठूला पूँजीवादी भूमिपतिहरू, ठूलठूला सामन्तहरू र विदेशी पूँजीपति वर्गले हाम्रो देशको अर्थव्यवस्था माथि कब्जा गरी उत्तरोत्तर धनी हुने मौका पाएका छन् भने अर्कातिर यिनीहरू कै होडमा द्रूत गतिले बर्बाद हुँदै गएका मध्यम वर्ग, गरिब वर्ग र सर्वहारा वर्गहरू छन् । तसर्थ आजको समाजमा एकातिर माथि उल्लेखित ठूलठूला सामन्तहरू पूँजीवादी भूमिपतिहरू र विदेशी पूँजीपतिहरूको र अर्कातिर हाम्रो देशको सर्वहारा वर्ग, गरिब वर्ग र मध्यम वर्गको बीचको अन्तर्विरोध कहिल्यै मिल्न नसक्ने एक दोश्रोलाई नासेर मात्र आफ्नो उन्नति गर्नु पर्ने खालको अन्तर्विरोध हुन् ।

यस अन्तर्विरोधमा हाम्रो देशको आजको एक तन्त्री हुकुमत यी खेमा बीचको न्याय दिने, वर्गहरूबाट माथि उडेको सरकार नभई यसले माथिल्लो दुई तप्काका शोषक वर्गहरू कै प्रतिनिधित्व गरेका छन् नव उपनिवेशवाद, विदेशी एकाधिकार पूँजीलाई पनि अनेक सहुलियत दिएर निम्त्याउने काम गर्दै छन् ।

तसर्थ एकातिर साम्राज्यवाद, नव उपनिवेशवाद, विदेशी एकाधिकार पूँजी तथा देशीय ठूलठूला सामन्तहरू, यिनीहरूको दुर्ग रक्षक यो एकतन्त्री हुकुमत तथा अर्कातिर हाम्रो देशको सर्वहारा वर्ग, शहरिया तथा गाउँ पहाडका गरिब जनता शहरीया मध्यम वर्ग तथा गाउँ पहाडका मध्यम किसानहरूबीचको अन्तर्विरोध एक दोश्रोलाई नासेर मात्र समाधान हुने खालको अन्तर्विरोध हो ।

यी दुई खेमाको बीच हाम्रो देशका साना-तिना सामन्तहरू र राष्ट्रिय पूँजीपति वर्ग छन् जो साम्राज्यवादी विदेशी पूँजी तथा ठूलठूला पूँजीवादी जमिनका मालिकहरूको होडमा टिक्न नसकी क्रमशः नासिदै जानु पर्नेछ । यसै कारण यी माथि उल्लेखित

वर्गहरूको पनि साम्राज्यवाद तथा ठूलठूला भूमिका मालिकहरूसँग अन्तर्विरोध राख्दछन् । हाम्रो देशको राष्ट्रिय पूँजीपतिहरूको जमिनसँग पनि सम्बन्ध रहेरै आएको छ । यसै निम्ति यी वर्गहरू जहाँ एकातिर सामन्तविरोधी साम्राज्यवाद विरोधी खेमाको साथी हुन सक्दछन्, अर्कातिर उनीहरू भूमि सुधार कार्यमा अड्चनको रूपमा पनि खडा हुन सक्दछ । यसै निम्ति भूमि सुधार कार्यमा जहाँ एकातिर हामी ठूलठूला भूमिपतिहरूको जमिन जोत गरी बिना मूआब्जा किसानमा बाढ्न सक्दछौं । साना-तिना सामन्तहरू र राष्ट्रिय पूँजीपतिहरू जो यस राष्ट्रिय प्रजातान्त्रिक आन्दोलनमा हिस्सा लिन मञ्जुर गर्दछन् कृषि क्रान्तिको दौरानमा उनीहरूलाई देशभक्त सामन्त सरह व्यावहार गरी किसानलाई जमिनको मालिक बनाउनको साथै उनीहरूलाई राष्ट्रिय पूँजीपति वर्गमा परिणत गर्दै र साना-तिना कारखानाहरू आदिमा सुविधाहरू प्रदान गरी उनीहरूको जीवन सुनिश्चित गर्न सकिन्छ ।

तर हाम्रो देश जहाँ एकाधिकार पूँजीको जन्म भएको छैन, यी राष्ट्रिय पूँजीपतिहरूलाई केही सुधार र सुविधाहरू प्रदान गर्दा गर्दै पनि भारी, मध्यम र हल्का उद्योगहरू समेत राजकीय क्षेत्रमा विकास गराई गैर पूँजीवादी तरिकाले देशको आर्थिक विकास गर्ने यथेष्ट स्थान छ । तसर्थ सामन्त विरोधी, साम्राज्यवाद विरोधी प्रजातान्त्रिक संघर्ष गर्दा गर्दै हाम्रो देशमा गैरपूँजीवादी तरिकाले जो आर्थिक विकास गर्न सकिन्छ यसले गर्दा हाम्रो देशको प्रजातन्त्रको स्वरूप राष्ट्रिय प्रजातन्त्र हुनु स्वाभाविक हो, यस प्रजातान्त्रिक आन्दोलनमा सानातिना सामन्तहरू तथा राष्ट्रिय पूँजीपतिहरूले पनि खुलेर भाग लिन सक्दछन् ।

यस कुरोलाई मान्यता प्राप्त गर्दा गर्दै पनि यस राष्ट्रिय प्रजातान्त्रिक क्रान्तिको अगुवाको रूपमा सर्वहारा वर्गले काम गर्नु परेको छ । अनि हाम्रो देशको खेतहीन र गरिब किसान नै हाम्रो देशको जनसंख्याको झण्डै ७० प्रतिशत भएको हुँदा हाम्रो क्रान्तिको मूल आधार मजदूर किसानको दृढ एकतामा नै हुनु परेको छ र हाम्रो क्रान्तिको प्रमुख स्वरूप कृषि क्रान्ति हुनेछ र अनि माथि उल्लेखित तमाम क्रान्तिकारी वर्गहरूको व्यापक संयुक्त मोर्चा नै हाम्रो क्रान्तिको निर्णायक ताकत हुनेछ ।

यसरी हाम्रो देशमा एकापट्टि ठूलठूला सामन्तहरू, विदेशी पूँजीपतिहरू, साम्राज्यवादीहरू तथा नव उपनिवेशवादीहरू छन् र उनीहरूको दुर्ग रक्षकको रूपमा यो एकतन्त्री हुकुमत छन् भने अर्कोतिर सर्वहारा वर्गदेखि लिएर राष्ट्रिय पूँजीपतिहरूसम्म छन् जसको माथि उल्लेखित प्रतिक्रियावादी शक्तिसँग एक दोश्रोलाई नास्नेखालको अन्तर्विरोध पनि छन् । माथि उल्लेखित प्रतिक्रियावादी शक्तिहरू जहाँ संगठित छन्, क्रान्तिकारी वर्गहरू अझ पनि असंगठित अवस्थामा छन् । यसै निम्ति उनीहरूको शक्ति जोड्दा प्रतिक्रियावादी शक्तिलाई देशबाट उन्मूलन गर्ने स्थितिमा भएर पनि आज प्रतिक्रियावादी शक्तिको राज हाम्रो देशमा चल्दैछ र हाम्रो देशको समाज विकासको बाटोमा रोडाको रूपमा छ । क्रान्तिकारी वर्गहरूको संयुक्त शक्तिको प्रहारले नै हाम्रो देशको समाज विकासको यस रोडालाई हटाउन सक्नेछौं । स्पष्टतः हाम्रो देशको क्रान्तिकारी शक्तिको जबर्जस्ति प्रहारले नै माथि उल्लेखित प्रतिक्रियावादी शक्तिलाई

ढाल्न सक्ने छौं । यसरी हाम्रो देशमा देखा परेका दुई परस्पर विरोधी शक्तिले एक अर्कोलाई हराएर नै हाम्रो देशको समाज विकास हुनेछ ।

माथि उल्लेखित क्रान्तिकारी शक्तिहरूमा सबैभन्दा ठोस तत्व हो मजदूर किसान खास गरी सर्वहारा र अर्ध सर्वहारा गरिब किसानहरू, यिनमा सबैभन्दा क्रान्तिकारी तत्व हो सर्वहारा वर्ग । यसै निम्ति समाज विकासको सवालमा सर्वहारा वर्गले नै सबैभन्दा अगाडि बढी नेतृत्वदायी भूमिका खेल्नु परेको छ र यसको वरिपरि संगठित मध्यम किसान, शहरीया मध्यम वर्ग र बुद्धिजीविहरू पनि ठोस क्रान्तिकारी तत्व हुनेछन् । यी ४ तहका वर्गहरू तथा जन समुदायलाई दृढ एकतामा ल्याएर यसको वरिपरि नै हाम्रो देशको राष्ट्रिय पूँजीपति वर्ग र सानातिना देशभक्त सामन्तहरू पनि संयुक्त मोर्चामा नै राष्ट्रिय प्रजातान्त्रिक क्रान्ति सफल पार्ने सुदृढ संयुक्त मोर्चा हुनेछ र हाम्रो देश एक नयाँ समाज व्यवस्था गर्न समर्थ संयुक्त मोर्चा अथवा एक अजय क्रान्तिकारी शक्ति हुनेछ ।

सर्वहारा वर्गको अग्ला दस्ताको रूपमा कम्युनिष्ट पार्टीले आम क्रान्तिकारी वर्गहरूको बीचमा काम गरेर नै यो कार्य सफल हुनेछ ।

आजको प्रतिक्रियावादी शक्तिको दुर्गरक्षक माथि जबर्जस्ति प्रहार गरी, उनीहरूको शासन यन्त्र चक्नाचुर गरी राजसत्तामाथि कब्जा गरी माथि देखि तलसम्म नयाँ शासन यन्त्र निर्माण गरेर नै सामाजिक क्रान्ति पूरा हुनेछ । क्रान्तिकारीहरूले शक्तिमाथि कब्जा गर्नु नै राजनैतिक क्रान्तिको लक्षण हो । यसरी क्रान्ति पूरा गरेर नै समाजको निर्माण हुनेछ । क्रान्तिले नै लाखौंको निर्माण शक्तिलाई प्रेरणा दिनेछ ।

क्रान्तिको जरुरी शासक वर्गलाई उखाडेर फ्याँक्नको निम्ति मात्र होइन बरु क्रान्तिकारी तरीकाले पुरानो समाज व्यवस्थालाई उखाडेर नयाँ समाज व्यवस्थाको जग हाल्नको निम्ति पनि जरुरी छ ।

यो राष्ट्रिय प्रजातान्त्रिक क्रान्ति किसानलाई ऋणबाट मुक्त गरी उनीहरूलाई जमिनको मालिक बनाउने खालका र सामन्त विरोधी क्रान्ति हुनाले साथै साम्राज्यवाद विरोधी नव उपनिवेशवाद विरोधी र तमाम प्रतिक्रियावादको प्रतिनिधित्व गरी बसेका प्रतिक्रियावादको दुर्ग रक्षक यस एकतन्त्री हुकुमतको विरोधमा हुनेछ । हाम्रो देशलाई यी प्रतिक्रियावादी शक्तिबाट मुक्त गरेर नै राष्ट्रिय प्रजातान्त्रिक व्यवस्था स्थापना हुन सक्नेछ । जसलाई प्राप्त गरी हाम्रो राष्ट्रको समाज विकास कार्यले एक कदम अगाडि सार्‍यो भन्न सकिन्छ ।

स्पष्ट छ राष्ट्रिय प्रजातन्त्र स्थापना गर्ने कार्य माथि उल्लेखित क्रान्तिकारी शक्तिको देशभित्र घुसेका उपनिवेशवादी शक्ति र विदेशी एकाधिकार पूँजीको विरोधमा निर्मम संघर्ष गरेर यी प्रतिक्रियावादी शक्तिहरूलाई पछारेर नै स्थापना हुनेछ । राष्ट्रिय प्रजातन्त्रको क्रान्तिकारी स्वरूपको गलत व्याख्या गरी कसै कसैले पूँजीवादी सरकारमा

कम्युनिष्ट पार्टीले २-४ सिट प्राप्त गरी स्थापना हुने व्यवस्थाको रूपमा पेश गर्दछन् । संशोधनवादीहरूको यो एक नयाँ चाल हो । राष्ट्रिय प्रजातन्त्रमा राजसत्ता पूँजीपति वर्गबाट नेतृत्व गरिएको व्यवस्थाको रूपमा होइन, सर्वहारा वर्गको नेतृत्वमा देशका मजदूर किसानको दृढ एकतामा आधारित गरी गठन भएको व्यापक संयुक्त मोर्चा कै हातमा रहनेछ । जसमा माथिदेखि तलसम्म नेतृत्वदायी भूमिका सर्वहारा वर्गले नै खेल्नु जरुरी छ ।

यस्तो राष्ट्रिय प्रजातान्त्रिक क्रान्ति साधारण वर्ग संघर्षको भरोसामा मात्र होइन, न भौतिकवादी नियतिवादको भरोसा नै खडा हुनेछ । न त यो व्यवस्था हामीहरूले कल्पना मात्र गर्न सक्ने, तर व्यावहारमा ल्याउन नसक्ने कुनै हवाई किल्ला मात्र हो । निष्क्रिय भएर बसेको खण्डमा राजाको अगाडि आत्मसमर्पण गर्ने सिवाय संघर्षद्वारा प्राप्त गर्नुपर्ने अरू तमाम कुराहरू हवाई किल्ला नै साबित हुनेछन् । क्रान्तिकारी शक्तिहरूको उदासिनतामा, उनीहरूको निष्क्रियतामा निश्चय नै राष्ट्रिय प्रजातान्त्रिक क्रान्तिको कुरा गर्नु हवाई किल्ला मात्र हुनेछ । तर यदि हामीले हाम्रो राष्ट्रिय विकासको दुश्मन र दोस्तलाई पहिल्याएर दोस्तहरूको व्यापक संगठन गर्दै दुश्मनको सामना गर्नको निम्ति धैर्य र लगनशीलताका साथ राष्ट्रिय प्रजातान्त्रिक क्रान्ति सफल पार्न निरन्तर रूपले संशोधनवादको विरोधमा पनि संघर्ष गरी क्रियाशीलताको साथ सैद्धान्तिक, राजनैतिक र संगठनात्मक तयारी गरी लैजान्छौं भने आजको भौतिक स्थितिमा हाम्रो देशमा राष्ट्रिय प्रजातान्त्रिक क्रान्ति निश्चय पनि हवाई किल्लाको रूपमा होइन एक नयाँ भौतिक स्थितिको रूपमा नै हमीले आफ्नो अगाडि पाउने छौं र राष्ट्रिय प्रजातान्त्रिक व्यवस्था एक जिउँदो जाग्दो नयाँ उज्वल भौतिक पदार्थको रूपमा हामीले आफ्नो अगाडि पाउनेछौं । यो कुरा महान् अन्धकार पछिको सूर्योदय झैं निश्चित छ ।

निश्चय छ आज हाम्रो देशको भौतिक स्थितिमा क्रियाशील चेतन शक्तिको रूपमा मार्क्सवादी लेनिनवादी पार्टीले डटेर काम गरेर यो सुप्रभात आउनेछ, हाम्रो देशमा बसन्तको फूल फुल्नेछ ।

निश्चय पनि यो सुप्रभात यो बसन्त स्वतः आउने छैन । यसलाई भौतिकवादी नियतिवादले ल्याउने छैन, यो द्वन्द्वात्मक भौतिकवादको नियमअन्तर्गत हाम्रो देशको प्रगतिशील तथा क्रान्तिकारी शक्तिले मजदूर किसान एकताको आधारमा सर्वहारा वर्गको नेतृत्वमा प्रतिक्रियावादी तथा तिनीहरूको दुर्गलाई चक्नाचुर गरेर नै एक नयाँ व्यवस्थाको रूपमा देखा पर्ने छ ।

## राष्ट्रिय प्रजातान्त्रिक क्रान्ति पूरा गर्न आवश्यक नेतृत्वको सवाल

निश्चय नै हाम्रो देशको कमजोर पूँजीपति वर्गको नेतृत्वमा प्रजातान्त्रिक क्रान्ति पूरा हुन असम्भव छ । यसै निम्ति हाम्रो देशको पूँजीवादी पार्टी एकातिर यस एकतन्त्री हुकुमतको विरोधमा खडा छन् भने अर्कातिर उनीहरूको सम्बन्ध ठूलठूला प्रतिक्रियावादी

सामन्तहरूसँग पनि रहेर आएको छ, जसले गर्दा उनीहरूले हर किसान संघर्षमा किसानको पक्ष लिनु सट्टा सामन्तहरू कै पक्ष लिएर आउने गरेका छन् र खासगरी साम्राज्यवादी तथा विदेशी एकाधिकार पूँजीसँग आफ्नो घनिष्ठ सम्बन्ध राखेर आएका छन् । यसै निम्ति उनीहरू सामन्त विरोधी साम्राज्यवाद विरोधी प्रजातान्त्रिक आन्दोलनमा सक्रिय भूमिका खेल्न सक्दैन र उनीहरूको संघर्षको क्षेत्र हर बखत खाली प्रजातान्त्रिक संघर्षसम्म नै सीमित छन् र फलस्वरूप उनीहरूले प्रजातान्त्रिक क्रान्तिलाई पूरा गर्ने सट्टा एकतन्त्री हुकुमतसँग सम्झौता गरेर नामधारी प्रजातान्त्रिक व्यवस्था स्थापना गर्नसम्म नै क्षमता राख्दछन्, जुन प्रजातान्त्रिक व्यवस्थाले सामन्त तथा साम्राज्यवादको विरोध गरी जनतालाई एक नयाँ जीवन दिन कहिल्यै समर्थन हुने छैन र जुन प्रजातान्त्रिक व्यवस्थामा शासनको वाग्डोर साम्राज्यवादीहरूसँग मिलेको सामन्त तथा पूँजीपति वर्गको हातमा रहनेछ, जुन व्यवस्थाअन्तर्गत सर्वहारा वर्गलाई पनपन दिने सट्टा उनीहरूलाई तहस नहस नै गरेर पठाउने काम गर्ने छ । नेपालको इतिहासले स्पष्ट गरेको छ नेपालको पूँजीपति वर्गले सर्वहारा वर्गको पार्टीलाई आफ्नो हक र अधिकार उपभोग गर्न दिने सट्टा पार्टी माथि समेत प्रतिबन्ध लगाएर मेहनतकश जनताको संगठनहरूलाई चक्नाचुर नै गरेर पठाउनेछ ।

हाम्रो देशको प्रजातान्त्रिक क्रान्ति सामन्तविरोधी हुनु अनिवार्य छ, कारण आजको स्थितिमा हाम्रो प्रजातान्त्रिक क्रान्तिको विरोधमा यस व्यवस्थामा सुविधा र सहुलियत प्राप्त गरी वर्गहरू निश्चय पनि दर्शकको रूपमा हेरेर बस्ने छैन । यसै निम्ति राजाले आफ्नो देशका सामन्तहरूलाई सयकडौं विघा जमिन लुकाउने, उनीहरूका जमिन वाग बगैँचा र पूँजीवादी खेतीमा परिणत गर्न दिने र साथै विदेशी पूँजीलाई र साम्राज्यवादीहरूलाई अनेक सहुलियत दिएर भित्र्याएका हुन् ।

यी वर्गहरू नै राजाको हुकुमशाही व्यवस्थाको आजको वर्ग आधार हुन् । तसर्थ सामन्त विरोधी, साम्राज्यवाद विरोधी प्रजातान्त्रिक क्रान्ति नै हाम्रो आजको प्रजातान्त्रिक क्रान्तिको स्वरूप हो । सर्वहारा वर्गको नेतृत्वमा मजदूर किसानको दृढ एकताको आधारमा बनेको तमाम क्रान्तिकारी तथा वर्गहरूको व्यापक संयुक्त मोर्चाले नै आजको प्रजातान्त्रिक क्रान्तिलाई पूरा गर्न सक्नेछ ।

यस सर्वहाराको अग्ला दस्ताको रूपमा कम्युनिष्ट पार्टीले नै काम गर्नुपरेको छ र यदि कम्युनिष्ट पार्टीले मार्क्सवाद लेनिवादको विपरीत गई संशोधनवाद तथा अवसरवादको बाटो लिन्ट भने निश्चय पनि यस्तो कम्युनिष्ट पार्टी निष्क्रिय र अशक्त नै हुन जानेछ, अनि यस्तो पार्टीको निम्ति राष्ट्रिय प्रजातान्त्रिक क्रान्ति पूरा गर्ने कुरा हवाई किल्लाको रूपमा नै देखा पर्ने छ । यसै निम्ति कम्युनिष्ट पार्टीले कम्युनिष्ट पार्टीले कम्युनिष्ट पार्टीको रूपमा काम गरी आफ्नो जिम्मेवारी पूरा गर्ने हो भने पार्टीभित्र घुसेको अवसरवाद तथा संशोधनवादको विरोधमा पनि निर्मम रूपले सैद्धान्तिक संघर्ष गर्न जरुरी हुन जान्छ ।

यसै निम्ति पार्टीभित्रको सैद्धान्तिक संघर्ष न त हवाई किल्ला हो । कारण पार्टीभित्र घर गरेको अवसरवाद तथा संशोधनवादको विरोधमा निर्मम संघर्ष गरेर नै पार्टीले आफ्नो जिम्मेवारीलाई बहन गर्ने क्षमता प्राप्त गर्नेछ ।

संशोधनवाद पार्टीभित्र देखा परेको पूँजीवादी अथवा दक्षिण पन्थी अवसरवादी विचार धारा हो ।

यसै निम्ति पूँजीवादी पार्टीको नेतृत्वमा मात्र होइन संशोधनवादी पार्टीको पनि नेतृत्वमा हाम्रो देशको प्रजातान्त्रिक क्रान्ति पूरा हुन असम्भव भएर जान्छ । यसै निम्ति हामीले जहाँ एकातिर साम्राज्यवाद, सामन्तवाद तथा यसको दुर्ग रक्षक एकतन्त्री हुकुमतको विरोधका निरन्तर रूपले सैद्धान्तिक, राजनैतिक र संगठनात्मक तयारी गरी जानुछ, अर्कातिर यस कार्यको बाधकको रूपमा खडा हुने संशोधनवादको विरोधमा पनि निर्मम संघर्ष गरेर जानु आवश्यक छ ।

यसै निम्ति पार्टीभित्रको सैद्धान्तिक संघर्ष किल्ला नभई आजको ऐतिहासिक प्रक्रियाले जन्माएको यो एक आवश्यकता हो ।

आज हाम्रो देशमा प्राप्त भौतिक स्थितिअन्तर्गत निश्चय नै समाजवादी क्रान्ति असम्भव छ । कारण हाम्रो देशको सामाजिक स्थितिले दिएको चेतना समाजवादी समाजको निम्ति तयार छैन । तर आजको सामाजिक स्थितिले माथि उल्लेखित राष्ट्रिय प्रजातान्त्रिक क्रान्तिसम्म गर्न सकिन्छ । अब यो व्यवस्था स्थापना गर्ने कुरो भौतिक स्थितिमा मात्र भन्दा क्रियाशील चेतन शक्तिकै हातमा छ । हाम्रो देशको भौतिक स्थिति तथा अन्तराष्ट्रिय रंगमञ्चमा देखा परेका सन्तुलन शक्ति अर्थात् समाजावदी खेमाको बढ्दो शक्ति निश्चय पनि राष्ट्रिय प्रजातान्त्रिक व्यवस्थाको निम्ति बढी अनुकूल छ । तर यदि क्रियाशील चेतन शक्तिले गद्दारी गरी प्रजातान्त्रिक संघर्षलाई सम्झौतामा छुट्याउने कुरा गर्दा अथवा पूँजीपति वर्गको नेतृत्वलाई मञ्जुर गर्दछ अथवा यस कार्यलाई हवाई किल्ला भनी छोडिदिन्छ भने निश्चय पनि हाम्रो देशमा प्रजातान्त्रिक क्रान्ति पूरा हुन सक्ने छैन । तसर्थ भौतिक स्थितिले दिएको एक परिधिभित्र आफ्नो देशमा कुन व्यवस्था स्थापना गर्ने हो भन्ने कुरो धेरै हदैसम्म क्रियाशील चेतन शक्तिको अर्थात् क्रान्तिकारी पार्टीले लिएको सिद्धान्त, राजनीति र संगठनको तरिकामा निर्भर गर्दछ ।

## क्रान्ति सफल पार्न क्रियाशील शक्तिको महत्वपूर्ण भूमिका

यति मात्र होइन चेतनशील क्रियाशक्तिको अभावमा सानो भन्दा सानो प्रजातान्त्रिक अधिकार पनि पाउन सकिन्न । तसर्थ समाज विकासको सवालमा भौतिक स्थितिले निश्चय नै एउटा भूमिका खेलेको हुन्छ र कसैले चाहेर पनि आफ्नो खुशीको व्यवस्था हुन सक्दैन । तर भौतिक स्थितिले दिएको परिधिभित्र काम गरी त्यस भौतिक

स्थिति अनुकूल कुन व्यवस्था स्थापना गर्ने हो भन्ने कुरामा क्रियाशील चेतन शक्ति अर्थात् क्रान्तिकारी पार्टीको नै निर्णायक भूमिका रहन्छ ।

निश्चय पनि प्रतिक्रियावादी शक्तिहरू कुनै पनि देशको समाज विकासको बाटोमा रोडा हो । मार्क्सले भनेभैँ यो शक्तिले आफ्नो निजी स्वार्थको राक्षसी प्रवृतिद्वारा प्रेरित भएर मानव हृदयको सबैभन्दा हिंश्रक, नीच र घृणित रूप लिएर क्रान्तिकारीहरूको शत्रुको रूपमा मैदानमा उत्रनेछ । यसको उदाहरण हाम्रा साथीहरू का. नेत्रप्रसाद, का. प्वाटुहश्रको नृशंस हत्या, हालसालै परासीको निहत्या किसानहरूमाथि चलाइएको निर्मम गोलीकाण्डले प्रतिबिम्बित गर्दछ । तर यो राक्षसी हरकतले निश्चय पनि हाम्रो देशको समाज विकास गर्ने कार्यमा निर्णायक शक्ति प्रतिक्रियावादी शक्तिको हातमा होइन क्रान्तिकारी शक्तिको रुख ढलेर जानेछ, राक्षसी ताकत ढलेर जानेछ । रुख ढल्ने कि नढल्ने भन्ने कुरो महलको स्वेच्छामा निर्भर गर्दछ । जनताको क्रान्तिकारी तुफानले नै यस कुराको निर्णय गर्दछ ।

समाज विकासको नियमअन्तर्गत मुख्य शक्ति प्रतिक्रियावादी शक्ति होइन, क्रान्तिकारी शक्ति हो । यस क्रान्तिकारी शक्तिको निर्माण गरेर ल्याउनु नै क्रान्तिकारी पार्टीको कार्य हो । क्रान्तिकारीहरूको अभावमा क्रान्ति असम्भव छ ।

यस क्रान्तिकारी शक्तिलाई निर्माण गर्दै ल्याउने कुरामा संशोधनवादीहरू बिल्कुल नजरअन्दाज गर्दछन् र समाज विकासको नियमलाई भौतिकवादी नियतिवादतिर इन्गित गर्दछन् ।

राजनैतिक पार्टीको कार्य कुनै पनि देशमा 'विभिन्न राजनैतिक विचारधाराहरूको क्रिया र प्रतिक्रिया चालु नै छन्' भनी सन्तोषको सास फेर्ने होइन बरु राजनैतिक पार्टीको कार्य हो क्रान्तिकारी शक्तिलाई पहिल्याएर यस शक्तिलाई जागृत गराउन र यसलाई संगठित गरी अजय क्रान्तिकारी शक्तिको निर्माण गर्नु । संशोधनवादले यस अजय शक्तिलाई निर्माण गर्ने कुरा गर्दैन बरु राजाले पार्टीमाथि प्रतिबन्ध लगाएता पनि हाम्रो देशभित्र विभिन्न राजनैतिक विचारधाराहरूको क्रिया प्रतिक्रिया चालु नै छन् भनी भौतिकवादी नियतिवादतिर अटुल्याउँछ ।

भौतिकवादी नियतिवाद फेरी पनि एक यान्त्रिक भौतिकवादी विचारधारा हो र यस विचारले शोषक सामन्त तथा पूँजीवादी वर्गकै सेवा गर्नु स्वाभाविक हो ।

समाज विकासको एक मात्र अचुक सञ्चालन शक्ति क्रान्ति हो । तर यो सञ्चालन शक्ति एकातिर स्वयं तयार भएर आउँदैन भने अर्कातिर कुनै देशको क्रान्ति कसेको आदेशमा अथवा खास व्यक्तिहरूको स्वेच्छाले गर्न सकिने होइन ।

यस मानेमा मार्क्सको माथि उल्लेखित भनाई कि 'मानिसको चेतनाले मानिसको सामाजिक स्थितिलाई निर्धारित गर्दैन मानिसको सामाजिक स्थितिले नै मानिसको चेतनालाई निर्धारित गर्दछ,' बिल्कुल सही हो । तर सार्थ यही चेतनाले माथिको त्यस सामाजिक स्थितिलाई बदल्ने ताकत पनि राख्छ र त्यो सामाजिक स्थितिले दिएको चेतना अनुकूलको नयाँ समाज बनाउने कार्य पनि गर्दछ ।

तसर्थ कस्तो नयाँ समाज बनाउने भन्ने कुरो एक आध व्यक्तिको कल्पनाको आधारमा निर्धारित हुँदैन । मानिसको आजको सामाजिक स्थितिले नै मानिसको भोलि स्थापना हुने सामाजिक स्थितिलाई पनि निर्धारित गर्दछ ।

भोलि कुन प्रकारको नयाँ समाज व्यवस्था स्थापना गर्ने हो भन्ने कुरो आजको सामाजिक स्थितिमा निर्भर गर्दछ भने अर्कातिर यस सामाजिक क्रान्तिको निम्ति स्थिति पाकिसक्यो कि पाकेको छैन भन्ने कुरोको पनि ख्याल राख्नु जरुरी छ । यसै निम्ति क्रान्ति सफल पार्न दुई पहलु माथि बिचार गर्नु पर्दछ । एक भौतिक स्थिति अर्को हो क्रान्तिकारी चेतनशील (या क्रियाशील) शक्ति भौतिक स्थिति जमिन हो भने क्रियाशील चेतन शक्ति यस जमिनमा काम गरी परिवर्तन ल्याउने अर्को शक्ति हो । जमिनको अभावमा चेतनशील शक्तिले मात्र काम गरी केही चीज उत्पादन गर्न सक्दैन भने चेतनशील शक्तिको अभावमा जमिनको स्वयं विकास भई यसमा हामीले चाहेको अनेक फलफूल अनाज आदि सृष्टि भएर आउँदैन । भौतिक स्थिति र क्रियाशील चेतनशक्तिको तालमेल बसाएर नै नयाँ समाजको निर्माण हुनेछ । निश्चय पनि सफल क्रान्तिको निम्ति भौतिक स्थिति पाकेको हुनु पर्दछ । अर्थात् लेलिनले भने झैँ जब शासक वर्ग तथा अरू उच्च वर्गहरूको आपसमा खतपत सुरु हुन्छ । जब उच्च वर्गहरूको अगाडि पनि एक या अर्को संकट आइनै रहन्छ जब शाषक वर्गहरूको अगाडि पनि एक या अर्को संकट आइनै रहन्छ जब शाषक वर्गको नीतिले असन्तुष्ट जनता शासक वर्गको अत्याचार सहन नसकी बारम्बार बिष्फोट हुन थाल्दछ । जब शोषित र पीडित जनताको दुःख तकलिफ असर भएर आउँछ, उनीहरूको आवश्यकताको आपूर्तिमा संकट देखिन थाल्दछ र जनता छट्पटाउन थाल्दछ क्रान्तिको निम्ति भौतिक स्थिति पाक्दै आएको हुन्छ । शासक वर्गले पनि जब आफ्नो शासन जनतामाथि झन् झन् शोषण र दमन नगरी चल्न नसक्ने स्थिति आउँछ तब भौतिक स्थिति तयार भएर आएको हुन्छ । आर्थिक तथा राजनीतिक संकटहरूको पूरा जोड नै क्रान्तिकारी भौतिक स्थिति हो ।

लेनिनको भनाईलाई याद गर्ने हो भने हाम्रो देशमा राष्ट्रिय प्रजातान्त्रिक क्रान्तिको निम्ति भौतिक स्थिति छैन अथवा यस भौतिक स्थितिलाई पकाएर ल्याउन सक्दैन भन्ने कुरा छैन । जनतामाथिको निर्मम शोषण, दमन, जनजीवनको बर्बादी, जनताको स्वयम् स्फूर्त आन्दोलनहरू, सरकारको निर्मम नरसंहार आदि भविष्यको क्रान्तिकारी तुफानको पूर्व सूचक हुन् । निश्चय पनि हाम्रो देशमा क्रान्तिको निम्ति भौतिक स्थिति पाकिसक्यो भन्ने होइन, यसलाई अझ पनि पकाएर ल्याउनु जरुरी छ, जुन कार्यमा क्रान्तिकारी पार्टीको नै मुख्य भूमिका रहेको हुन्छ ।

जब यस्तो स्थिति व्याप्त हुन्छ अनि देशमा भौतिक स्थिति छैन भन्ने सवाल हुँदैन । यो स्थिति यस्तो स्थिति हो जसमा क्रान्तिकारी शक्तिले मात्र होइन प्रतिक्रान्तिकारी तथा प्रतिक्रियावादी शक्तिले पनि फाइदा उठाउन सक्दछ र देशमा एक तानाशाही सरकारको बदला अर्को तानाशाही शक्तिको शासन पनि स्थापना हुन सक्दछ, जसले जनताको समस्या समाधान गर्ने सट्टा अझ उल्झनमा पारी दिन्छ र जनतामा शोषण, दमन र अत्याचारको राज चालु नै राख्नेछ ।

तसर्थ समाज विकासको सवालमा आफ्नो देशमा रहेको भौतिक स्थितिलाई ठीक ठीक मूल्याङ्कन गरी, नपाकेको भौतिक स्थिति पकाएर ल्याउनु र यस्तो स्थितिमा विभिन्न वर्गहरूको रोल जनतामा स्पष्टसँग राख्नु क्रान्तिको विरोधी शक्ति के के हुन् अनि क्रान्तिकारी शक्ति के के हुन् र ती क्रान्तिकारी शक्तिहरू मध्ये कुन कुन वर्गले के के स्थान लियो भने सो क्रान्तिको नतिजा के हुन्छ भन्ने आदि कुरोको पूरा चेतना जनतामा दिनु, जनतालाई सैद्धान्तिक तथा राजनैतिक चेतनाको स्तर उच्च बनाउनु, यिनीहरूको सैद्धान्तिक शस्त्रले लैस गर्नु साथै उनीहरूलाई क्रान्तिकारी संगठनमा संगठित गर्नु, आइपरेको बेलाप्रति क्रान्तिकारी शक्तिको हिंसात्मक प्रहारको सामना गर्नु सक्ने क्रान्तिकारी शक्तिको पनि निर्माण गरेर ल्याउनु आदि कुरोलाई द्रूत गतिले सम्पन्न गरेर नै कुनै देशको पनि प्रतिक्रियावादी शक्तिलाई पछारेर नयाँ समाजको निर्माण हुन सक्नेछ ।

तर माथि उल्लेखित तमाम कुराहरू स्वतः भएर आउँदैनन् । क्रियाशील चेतन शक्तिले काम गरेन भने यी क्रान्तिकारी भौतिक स्थितिले फल एक नयाँ समाजको निर्माण नभई यसै भौतिक स्थितिले झार जलयुक्त उब्जाउ जमिन राम्रा राम्रा वाग बगैँचा र बगानहरू आदिमा परिणत हुन सक्दछ । एक बिशाल महल निर्माण गर्नको निम्ति सम्पूर्ण सामान तयार भएर पनि यसलाई राम्ररी उपयोग गर्ने प्रविधिज्ञको अभावमा अथवा क्रियाशील चेतन शक्तिको अभावमा महलको बदला हामीले एक भद्रगोर पहाड नै पाउने छौं अथवा यसको फाईदा प्रतिक्रियावादी शक्तिले उठाएर जनता रहने विशाल भवनको बदला जनतालाई थुन्ने एक विशाल जेलको नै निर्माण हुनेछ ।

स्पष्ट छ, जहाँ देशमा भौतिक स्थिति छ, तर यसमा क्रियाशील चेतन शक्तिले क्रान्तिको निम्ति तयारी गर्दैन, भने यस्तो भौतिक चेतना शक्तिले क्रान्तिको निम्ति तयारी पुग्दैन भने यस्तो भौतिक स्थितिको फाइदा प्रतिक्रियावादी शक्तिले नै उठाउने छ । पार्टीको कार्य पाकेको भौतिक स्थितिको मात्र फाइदा उठाउने होइन, सर-सामान सब तयार भईसकेपछि मात्र क्रान्तिको निम्ति काम गर्ने होइन पाकिसकेको अनाज आत्र काटेर भित्र्याउने होइन । क्रान्तिकारी पार्टीको कार्य हो प्रकृतिले दिएको तमाम साधनहरूको उपयोग गरी महल निर्माणको निम्ति तमाम सर-सामान तयार गर्ने, झार जंगल फाडी, माटोको ढिस्को फारी, खेत जोत गरी न पाकेको अनाज आदि पनि पकाएर ल्याउने । तसर्थ क्रान्तिकारी पार्टीको कार्य भौतिक स्थिति तयार भएपछि यसको उपयोग गर्ने मात्र

होइन, नपाकेको भौतिक स्थिति पनि पकाएर ल्याउने, व्यवस्थित ढङ्गले क्रान्तिकारी शक्तिको निर्माण गरेर ल्याउने, यसै निम्ति सैद्धान्तिक, राजनैतिक र संगठनात्मक तयारीमा आजैदेखि लाग्ने ।

आज हाम्रो देशमा क्रान्तिकारी स्थिति छ, तर यसलाई पकाएर ल्याउने काममा क्रियाशील चेतन शक्तिको क्रियाशीलताको नै कमी रहेको छ । क्रान्तिकारी स्थितिको अभावमा सफल क्रान्ति असम्भव छ, तर हरेक क्रान्तिकारी स्थितिले आप से आप सफल क्रान्ति उब्जाएर ल्याउने छैन । जब क्रियाशील चेतन शक्तिले नपाकेको भौतिक स्थिति पकाएर ल्याउनेछ, जब यस क्रियाशील चेतन शक्तिले आफूलाई एक सुदृढ क्रान्तिकारी पार्टीमा विकास गरी उपर्युक्त क्रान्तिकारी शक्ति जम्मा गरी लिनेछ, अनि त्यस क्रान्तिकारी पार्टीले सो क्रान्तिकारी भौतिक स्थितिमा काम गरेर नै त्यस देशको क्रान्ति सफल हुने छ र देशमा समाज विकासले एक पाइलो अगाडि सार्नेछ ।

स्पष्ट छ, सफल क्रान्ति स्वचालित समाज विकासको नियमको भरोसामा होइन, बरु क्रियाशील चेतन शक्तिको कार्य कुशलतामा नै निर्भर गर्दछ । हो, हामीले समाज विकासको नियमलाई उल्लंघन गरी क्रान्ति सफल पार्न सकिन्न तर समाज विकासको नियमअन्तर्गत समाजमा देखा परेको अन्तर विरोधको गहिरो अध्ययन गरी यसमा सबैभन्दा प्रमुख प्रतिक्रियावादी र प्रतिक्रान्तिकारी शक्तिलाई पहिल्याएर यस प्रतिक्रियावादी शक्तिसँग साँठगाँठ राख्ने अरू सहायक शक्तिहरूको पनि पत्ता लगाएर यी विरोधी शक्तिहरू मध्येको सबैभन्दा प्रमुख तथा क्रुर प्रतिक्रियावादी शक्तिहरूलाई जनताबाट अलग्याउने तथा बीचका शक्तिहरू जति हदसम्म क्रान्तिकारी शक्ति तिर मिलाएर लिन सकिन्छ, मिलाएर लिनु जरुरी हुन्छ । यता क्रान्तिकारी शक्तिहरू मध्ये सबैभन्दा क्रान्तिकारी वर्ग तथा सबैभन्दा शक्तिशाली तथा निर्णायक क्रान्तिकारी शक्तिलाई पनि चिन्न जरुरी छ ।

यी तमाम कुरोहरूको ख्याल राखी जब क्रान्तिकारी शक्तिको निर्माण भई यस क्रान्तिकारी शक्तिले प्रतिक्रियावादी शक्तिलाई परास्त गर्ने छ अनि नै हाम्रो समाजले आफ्नो पाइलो एक कदम अगाडि सार्ने छ । ऐतिहासिक प्रक्रियामा क्रियाशील चेतन शक्तिको मतलब हो लड्ने इच्छा शक्ति र यसको तयारी, संघर्षको चलाकिपूर्ण संगठन, क्रान्तिकारीहरूको राजनैतिक चेतना र दृढता, क्रान्तिको उद्देश्यको स्पष्ट समझदारी, घुँडा टेकेर बाँच्नु भन्दा आफ्नो पैरमा खडा भएर मर्नु जाति भन्ने सिद्धान्तमा क्रान्तिकारीहरूको अटल विश्वास । जब सम्पूर्ण भौतिक स्थिति कायम छ, क्रियाशील चेतन शक्तिको निर्णायक महत्व हुन्छ । क्रान्ति आप से आप हुँदैन, क्रान्ति हुन्छ मात्र होइन, क्रान्ति गरिन्छ । हर क्रान्तिकारीहरूको दिलमा क्रान्तिको औचित्यमाथि पूर्ण विश्वास हुनु आवश्यक छ, अनि तमाम क्रान्तिकारी वर्गहरू तथा विभिन्न जन समुदायको बीचमा क्रान्तिको औचित्यमाथि विश्वास जगाउनु अत्यन्त आवश्यक छ, साथै स्थितिको राम्रो ज्ञान र संघर्षको तरिकाहरूमा राम्रो अनुभव प्राप्त गर्नु जरुरी छ ।

फेरी पनि यी कुराहरू स्वतः भएर आउँदैन यसै निम्ति हर क्रान्तिकारीहरूको परम कर्तव्य हो कि आफ्नो देशको स्थितिलाई राम्ररी केलाएर देशमा क्रान्तिकारी परिवर्तनको निम्ति आज नगरी नहुने काम थम्याएर, सो क्रान्ति पूरा गर्न आजैदेखि निरन्तर रूपले आजको ऐतिहासिक स्थिति अनुकूल क्रान्ति पूरा गर्न सैद्धान्तिक, राजनैतिक र संगठनात्मक तयारी गरेर ल्याउनु । क्रियाशील चेतन शक्तिको निरन्तरको दृढता पूर्ण, तर व्यवस्थित ढङ्गको प्रयासले नै क्रान्ति सफल हुनेछ, नकि 'भौतिकवादी नियतिवाद' लाई मानी 'समाज विकास कसैले रोक्न सक्दैन' भनी क्रान्तिकारी शक्तिलाई संगठित गर्ने आफ्नो जिम्मेवारीलाई बिर्सेर क्रान्तिकारी शक्तिलाई निष्क्रिय पारेर ।

निश्चय पनि समाज विकास हुनेछ, तर 'भौतिकवादी नियतिवाद' लाई मानेर होइन ।

हरेक देशको स्थिति प्रतिक्रियावादीहरूको निम्ति प्रतिकूल हुन्छ भने क्रान्तिकारीहरूको निम्ति अनुकूल नै भएको हुन्छ र चाहे १० पटक हार खाओस् निर्णायक बिजय आखिर क्रान्तिकारीहरू कै हुन्छ, जति ठोस तरिकाले क्रान्तिको निम्ति तयारी गरिएको हुन्छ, क्रान्तिको असफलताको सम्भावना उत्तिकै कम हुन्छ ।

लेनिनले १९०२ मा लेखेका थिए, 'हामीलाई क्रान्तिकारीहरूको संगठन देउ र हामीहरूले रूसलाई पल्टाउने छौं ।' लेनिनले यो कुरो कसैसँग मागेर बसेनन्, न त यस्तो क्रान्तिकारी पार्टी स्वतः भएर आउनेछ भनेरै बसे । लेनिनले आत्मसमर्पणवादीहरू, संशोधनवादीहरू, अवसरवादीहरूको विरोधमा निर्मम संघर्ष गरेर नै क्रान्तिकारी पार्टीको निर्माण गरे । यसै संघर्षको दौरान १९०९ साल तिर लेनिन बिल्कुल एक्लै पनि परे । लेनिनले धैर्य र लगनशीलताका साथ काम गरी १९१६ सालसम्ममा एक ठोस र सबल क्रान्तिकारी पार्टीको निर्माण गर्नमा सफल भए, जुन पार्टीले नै १९१७ सालको अक्टोबर क्रान्तिकारी आजकालको क्यालेण्डरअनुसार नोभेम्बर ८ तारिखमा देशलाई पल्टाएर विश्वमा सर्वप्रथम अरू पनि मेहनतकश जनतासँग मिली मजदूर वर्गको राज कायम गरे र आर्थिक, राजनैतिक र सांस्कृतिक दृष्टिकोणले पिछडिएको जारशाही रूसको बदला एक विशाल तथा शक्तिशाली समाजवादी राज कायम गरे ।

लेनिनले यी तमाम कुरोहरू जारशाहीसँग सम्झौता गरेर होइन, जारशाहीको मातहतमा एक एक कदम गरी राजनैतिक सुधार र सुविधाका मागहरू प्राप्त गरी होइन, सुरुदेखि अन्तसम्म संशोधनवादको विरोधमा लडेर एक क्रान्तिकारी पार्टीको निर्माण गरेर मजदूर वर्गको हिरावलको रूपमा बोलसेविक पार्टीको नेतृत्वमा मजदूर किसान एक कायम गरेर अरू पनि मिल्न सक्ने तमाम क्रान्तिकारीहरूलाई मिलाएर नै पूरा गरे ।

हर क्रान्तिमा क्रान्तिको मुख्य सवाल राज्य शक्तिको सवाल हो । लेलिनको भनाई अनुसार शासक वर्गको मातहतमा कुनै राजनीतिक सुविधा र सुधारहरू हुनु नै राजनैतिक

क्रान्ति होइन, राजनैतिक क्रान्तिको मुख्य लक्षण हो एक वर्गको हातबाट राज्य सत्ता अर्को वर्गको हातमा हस्तान्तरित गर्नु । जबसम्म राज्यशक्तिको हस्तान्तरण हुँदैन जनताले पाएको राजनैतिक सुधार सुविधा अस्थायी नै रहन्छ र यस्तो कुरो प्राप्त गर्ने कार्यलाई क्रान्तिकारी कार्य भन्न सकिन्न । सुधारवादसम्म सीमित रहेको यस कार्यलाई संशोधनवादी कार्य नै भन्न कर लाग्छ ।

तर हर समयको अथवा हर देशको सुधारवादीहरू स्थापित शोषक समाजको आधार न बिग्रिने गरी आंशिक सुधारहरू, सानातिना सुविधाहरूको निम्ति नै मात्र संघर्ष गर्ने पक्षमा छन् र उनीहरू जनताको क्रान्तिकारी संघर्षलाई अनावश्यक भन्ठान्छन् ।

तसर्थ हाम्रो मुख्य राजनीतिक कार्य शोषकवर्गहरूसँग केही सुधार र सुविधाको माग गर्ने सम्म सीमित नभई हाम्रो प्रमुख कार्य हुनु परेको छ क्रान्तिलाई पूरा गर्नु । निश्चय छ एक जमाना थियो जब यस्तो एकतन्त्री हुकुमशाहीको विरोधमा क्रान्ति पूरा गरी पूँजीपति वर्गको नेतृत्वमा पूँजीवादी प्रजातन्त्र स्थापना हुन्थ्यो । तर आज मेहनतकश जनताले पूँजीपति वर्गको पिछलगुवा भएर क्रान्ति पूरा गर्ने सट्टा सर्वहारा वर्गको नेतृत्वमा मजदूर वर्ग र मेहनतकश किसानको बीच दृढ एकता कायम गरी यसै एकताको आधारमा मिल्न सक्ने तमाम क्रान्तिकारी वर्गहरू तथा प्रगतिशील तत्वहरू मिलाएर क्रान्तिलाई पूरा गर्ने हो भने हामी आफ्नो देशमा पूँजीवादी प्रजातन्त्र स्थापना गर्ने सट्टा राष्ट्रिय प्रजातन्त्र स्थापना गरी द्रूत गतिले समाजको विकास तिर लम्कन सक्नेछौं ।

अन्तराष्ट्रिय स्थितिमा देखा परेको सन्तुलन शक्ति अर्थात् समाजवादी खेमाको बढ्दो शक्ति जो आज अन्तराष्ट्रिय राजनैतिक रंगमञ्चमा निर्णायक रूपमा देखा परेको छ, जसले गर्दा विश्वमा सामन्तवाद, उपनिवेशवाद, नव उपनिवेशवादको विरोधमा संघर्ष गरी पूँजीवादी समाज अथवा पूँजीवादी प्रजातन्त्र स्थापना गर्ने सट्टा सर्वहारा वर्गको नेतृत्वमा प्रजातान्त्रिक क्रान्ति पूरा गरी पूँजीवादी प्रजातन्त्रलाई नाघि हामी आफ्नो देशमा राष्ट्रिय प्रजातन्त्र स्थापना गर्न सक्ने छौं । आजको अन्तर्राष्ट्रिय स्थितिले गर्दा यो सम्भावनालाई धेरै हदसम्म अगाडि बढाएको छ ।

कुनै पनि अविकसित देशहरूमा क्रान्ति सम्झौतामा अन्त हुन्छ अथवा क्रान्ति पूरा भएमा पुरानो खालको पूँजीवादी प्रजातन्त्र स्थापना हुनेछ अथवा नयाँ किसिमको प्रजातन्त्र अर्थात् राष्ट्रिय प्रजातन्त्र स्थापना हुन्छ भन्ने कुरो पनि भौतिक स्थिति उही भएर पनि क्रियाशील चेतन शक्तिले तत्काल अगाडि बढाएको सिद्धान्त, राजनीति र संगठनको तरिकामा निर्भर गर्दछ ।

यदि कम्युनिष्ट पार्टीले क्रान्ति पूरा गर्ने कुरा गर्दैन र यो अहिले असम्भव छ भनी यस कार्यलाई पन्छाउँदै जान्छ भने अथवा यदि पार्टीले पूँजीवादी पार्टीको पिछलगुवा हुने बहाना निकाल्दछ र हिम्मतका साथ मिलाउनु पर्ने क्रान्तिकारी वर्गहरूलाई मिलाएर ठोस

राजनीति दिने कुरा गर्दैन र क्रान्ति पूरा गर्न सक्ने खालको क्रान्तिकारी संगठन गरी लिने कुरा गर्दैन अथवा राष्ट्रिय प्रजातान्त्रिक क्रान्ति पूरा गर्ने कुरा गर्दैन र राष्ट्रिय प्रजातान्त्रिक कार्यक्रम अथवा जनवादी प्रजातान्त्रिक कार्यक्रम अपनाइँदैन र पूँजीवादी प्रजातान्त्रिक कार्यक्रम अपनाइन्छ अथवा जनवादी प्रजातन्त्रको कार्यक्रम अपनाएर पनि राष्ट्रिय प्रजातान्त्रिक क्रान्ति पूरा गर्न आजैदेखि सैद्धान्तिक, राजनैतिक र संगठनात्मक तयारी गरेर जाने कुरा नामञ्जुर गरिन्छ भने अथवा पार्टीको क्रान्तिकारी भूमिकामा जोड दिँदैनौं भने निश्चित छ हामीहरू 'भौतिकवादी नियतिवाद'को चक्करमा फँसी समाज विकास गर्ने कुरामा हामीले योगदान दिने सट्टा समाज विकासको नियममा हामी पनि रोडा नै साबित हुनेछौं ।

समाज विकासको नियम हो त्यस समाजमा देखा परेको अन्तविरोधले गर्दा उत्पन्न हुने क्रान्तिकारी वर्ग संघर्ष, जुन वर्ग संघर्षमा सुधारवादी मागहरू सम्ममा सीमित नरही क्रान्तिकारी शक्तिले प्रतिक्रियावादी शक्तिलाई परास्त गर्नेछ । यस क्रान्तिकारी संघर्षको सफलता एकातिर त्यस देशमा रहेको भौतिक स्थितिमा निर्भर गर्दछ भने अर्कातिर चेतनशील क्रियाशक्तिको कुशल नेतृत्वमा पनि उत्तिकै निर्भर गर्दछ ।

यसले स्पष्ट गर्दछ कि समाज विकासको नियम सफल पार्ने कुरोमा क्रियाशील चेतन शक्तिको अझ महत्वपूर्ण भूमिका छ ।

मार्क्सको स्पष्ट भनाई छ, यद्यपि पुरानो समाज व्यवस्था विनाशको दिशामा स्वभावतः अग्रसर हुन्छ, तथापि एक प्रतिक्रियावादी व्यवस्थाको बदला प्रगतिशील समाज व्यवस्थाको स्थापना स्वतः भएर आउने छैन । मार्क्सको भनाई छ नयाँ समाजको निर्माणको निम्ति सचेष्ट, विवेकपूर्ण र सुविचारित कारबाहीको आवश्यकता छ । मार्क्सको भनाई छ, पूँजीवादीहरूको विरोधलाई नष्ट गर्नको निम्ति श्रमिकहरूले राज्यमा क्रान्तिकारी भावनालाई सञ्चार गर्दछ ।

स्पष्ट छ, समाज विकासको नियमअन्तर्गत सफलतापूर्वक नयाँ समाज निर्माण गर्नको निम्ति क्रियाशील चेतन शक्तिको अझ महत्वपूर्ण भूमिका छ । यसलाई नजरअन्दाज गरी यदि हामीले समाज विकासको नियमहरू छन् भनी समयलाई पर्खेर मात्र बस्ने हो भने हाम्रो देशमा राष्ट्रिय प्रजातन्त्र कदापि स्थापना हुन सक्ने छैन । अर्कातिर उही भौतिक स्थितिमा क्रान्तिकारी पार्टीको भूमिकाले अझ पनि निर्णायक भूमिका खेल्दछ भने सो भौतिक स्थितिलाई नै उखालेर फ्याँक्ने यसको ठाउँमा नयाँ भौतिक स्थितिको निर्माण गर्दछ । क्रान्तिकारी पार्टीले संशोधनवादी बाटो लिन्छ भने एक त समाज विकासमा अड्चन पैदा हुनेछ, दोश्रो क्रान्ति पूरा गरी समाजको विकास भएता पनि यस्तो स्थितिमा राष्ट्रिय प्रजातन्त्रको बदला पूँजीवादी प्रजातन्त्र नै स्थापना हुनेछ । यही भौतिक स्थितिमा क्रान्तिकारी पार्टीले मार्क्सवादी लेलिनवादी सिद्धान्तमा अटल रही क्रान्तिकारी भूमिका खेल्छ भने हाम्रो देशमा प्रतिक्रियावादलाई खतम गरी पूँजीवादी प्रजातन्त्र होइन राष्ट्रिय प्रजातन्त्र नै स्थापना हुनेछ ।

यस कार्यलाई पूरा गर्न आज हाम्रो देशमा कम्युनिष्ट पार्टीले ठोस क्रान्तिकारी संगठनको निर्माण गर्नु परेको छ भने अर्कातिर यस निर्माण कार्यमा रोडाको रूपमा देखा परेको संशोधनवादको विरोधमा पनि निर्मम संघर्ष गर्नु परेको छ। यी दुई कार्यलाई साथ साथ लगेर नै नेपालको क्रियाशील चेतन शक्तिको अगुवाको रूपमा काम गर्ने नेपाल कम्युनिष्ट पार्टीले एकतन्त्री हुकुमतको विरोधमा क्रान्तिलाई पूरा गरी एक नयाँ समाजको निर्माण गर्नेछ। यस समाज विकास कार्यमा पहिलो खुड्किलोमा स्थापना हुनेछ हाम्रो देशमा पनि समाजवादी समाजको स्थापना जसले मानिसमाथि मानिसको शोषण खतम गरी तमाम जनताको जीवन सुनिश्चित र सुरक्षित गरी समाजलाई अझ पनि वेगले अगाडि बढाउनेछ।